2372010-AP-Main-05.qxd 22/07/2010 10:53 PM Page 1
CMYK



## संक्षेप

### बेहोस भएर मृत्यु

**काठमाडौं :** त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा बेहोस भएर बिहीबार एक भारतीय नागरिकको मृत्यु भएको छ। मृत्यु हुनेमा भारत मुम्बई घर भएकी ४७ वर्षीया सरिता सिंघल छन्। केन्द्रीय प्रहरी समाचार कक्षका अनुसार मध्याह्ण पौने १२ बजे जेट एअरको उडानबाट मुम्बई जाने क्रममा सिंघल धावनमार्गमा बेहोस भएर ढलेकी थिइन्। उनलाई उपचारका लागि काठमाडौं मेडिकल कलेज सिनामंगल लैजाँदै गर्दा बाटोमा मृत्यु भएको हो।

### दुई केजी यार्सागुम्बासहित दुईजना पक्राउ

**काठमाडौं :** विमानस्थल प्रहरीले चिनियाँ नागरिक एमएस लुई चेलोक र उनका सहयोगी मनाङ घर भएका खेल्ने गुरुङलाई २ केजी अवैध यार्सागुम्बासहित पक्राउ गरेको छ। ड्रागन एयरको उडानबाट बुधबार राति १० बजे हङकङ जान लागेको अवस्थामा उनीहरूलाई पक्राउ गरिएको हो। यस सम्बन्धमा प्रहरीले थप अनुसन्धान गरिरहेको जानकारी दिएको छ।

### ट्राफिक चेतना कार्यक्रम

**काठमाडौं :** नारायणगोपालचोक ट्राफिक व्यवस्थापन मूल समितिले बिहीबार ट्राफिक नियमसम्बन्धी चेतनामूलक कार्यक्रम सम्पन्न गरेको छ। महानगरीय ट्राफिक प्रहरीवृत्तका प्रहरी अतिरिक्त नायव महानिरीक्षक विनोद सिंहले नारायणगोपालचोक वरपर अति विशिष्ट व्यक्तिको बसोवास भएकाले पनि समाधान गर्न स्थानीय बासिन्दा अग्रसर हुनुपर्ने बताए। प्रहरी निरीक्षक ज्ञानेन्द्र पाख्रिनले ट्राफिकसम्बन्धी समस्या समाधान गर्ने उद्देश्यले महानगरीय ट्राफिक्र वृत्तले चारसय ३७ जना विद्यार्थीलाई चेतनामूलक कक्षा सञ्चालन गरेको र कलेजमा पनि यस्ता कार्यक्रम आयोजना गरिने जानकारी दिए। —रासस

### ककसमा उषाकला

**काठमाडौं :** महिला सभासद्हरूको समूह (ककस) को संयोजकमा एमाले सभासद् उषाकला राई चयन भएकी छन्। समूहको बिहीबार बसेको बैठकले राईलाई संयोजकमा चयन गरेको हो। प्रत्येक चार महिनामा समूहको संयोजक परिवर्तन हुने प्रचलन रहेको छ। ककसमा संविधानसभामा प्रतिनिधित्व गर्ने विभिन्न राजनीतिक दलका १ सय ९७ महिला सभासद् छन्।



तस्बिर : अन्नपूर्ण

वीपी स्मृति दिवसका अवसरमा बिहीबार ललितपुरको सानेपास्थित वीपी पार्कमा वृक्षरोपण गर्दै नेपाली कांग्रेसका कार्यकर्ता।



तस्बिर : अन्नपूर्ण

वीपी स्मृति दिवसका अवसरमा बिहीबार कांग्रेस मुख्यालयमा पत्रकारसँग कुराकानी गर्दै पार्टीका कार्यवाहक सभापति सुशील कोइराला।

# वीपी कोइरालाको स्मरण

**काठमाडौं,** ६ साउन : जननायक वीपी कोइरालाको २८ औं स्मृति दिवसका अवसरमा बिहीबार आयोजित कार्यक्रममा नेताहरूले वीपीको प्रजातान्त्रिक चिन्तनको सबैले अनुसरण गर्नुपर्नेमा जोड दिएका छन्।

गणेशमान सिंह तथा जनआन्दोलन सहिद स्मृति शान्ति प्रतिष्ठानद्वारा आयोजित 'वीपी कोइराला, समावेशी र राज्यको पुनर्संरचना' विषयक विचार गोष्ठीमा नेताहरूले वीपी कोइराला नेपाली राजनीतिका आदर्श र शिखरपुरुष भएको धारणा व्यक्त गरे।

कार्यक्रममा नेपाली कांग्रेसका उपसभापति प्रकाशमान सिंहले वीपी नेपालका मात्र नभएर विश्वकै प्रजातान्त्रिक समाजवादका चिन्तक भएको भन्दै उनको सिद्धान्तअनुसार काम गरे ग्रामीण जनताको गरिबी हटाएर आर्थिक उन्नति गर्न सकिने बताए।

कांग्रेसका नेता तीर्थराम डंगोलले वीपी राष्ट्रिय एकताको आदर्शबाट निर्देशित र सामाजिक रूपान्तरणका लागि युगचिन्तक भएको बताए। राजनीतिक विश्लेषक श्रीकृष्ण अनिरुद्ध गौतमले वीपी आजीवन लोकतन्त्रका पक्षमा संघर्षशील रहेको धारणा व्यक्त गरे। प्रतिष्ठानका अध्यक्ष भीमसेनदास प्रधानले राज्यको सीमांकन गर्दा सम्बन्धित क्षेत्रका विज्ञको सुझाव लिनुपर्ने बताए। —रासस

# बेलायतले नेपाली विद्यार्थीलाई टायर फोर भिसा फेरि खुलायो

अन्नपूर्ण समाचारदाता

**काठमाडौं,** ६ साउन : बेलायत सरकारले नेपाली विद्यार्थीलाई टायर फोर प्रणालीमा आधारित भिसा आवेदन पुनः खुला गरेको छ। उच्च शिक्षा अध्ययन गर्न बेलायत जान चाहनेहरूका लागि भनेर सो भिसा आवेदन आंशिक रूपमा बिहीबारदेखि खुला गरिएको हो। बेलायतले गुणस्तरीय शिक्षा आर्जन गर्नभन्दा पनि काम गर्न जानेहरूको चाप बढेको भन्दै नेपाली विद्यार्थीलाई नौ महिनाअघि टायर फोर भिसा आवेदनमा रोक लगाएको थियो। यो खुला गर्ने प्रक्रिया गत माघमा नै अघि बढेको दूतावासद्वारा जारी विज्ञप्तिमा उल्लेख छ।

आगामी १७ गतेदेखि अन्य कोर्सका लागि पनि खुला गर्दै यसलाई पूर्णरूप दिने समेत जनाइएको छ। बेलायतले हालका लागि फाउन्डेसन डिग्री, डिग्री र पोष्ट ग्रयाजुयटका लागि उक्त टायर फोर खुला गरेको हो। यसका लागि बेलायतले आफ्नै शैलीमा अंग्रेजी भाषाको परीक्षण गर्ने भएको छ। बेलायती दूतावासले उपलब्ध गराएको बेवसाइटमा भिसाका लागि दिएको सूचना राम्ररी हेरेर आवेदन दिन समेत आग्रह गरेको छ।

भिसासम्बन्धी जानकारी र भिसा फर्म बेवसाइटमा निःशुल्क उपलब्ध हुनेछ। यदि कसैले नक्कली कागजात बुझाएको पाइएमा १० वर्षका लागि बेलायत जान कुनै पनि खालको भिसा कतैबाट जारी नगर्ने समेत त्यहाँको बोर्डर एजेन्सीको नीति रहेको दूतावासले जनाएको छ।

# दलित महिलालाई समानुपातिक हिस्सा माग

**काठमाडौं,** ६ साउन : राज्यका सम्पूर्ण निकायमा दलित र महिलालाई प्रदान गरिने सबै विशेषअधिकार अन्तर्गत दलित महिलालाई समानुपातिक हिस्सा छुट्याइनुपर्ने खाँचो औंल्याइएको छ। नेपाल राष्ट्रिय दलित मुक्ति मोर्चाद्वारा बिहीबार आयोजित 'नयाँ संविधानमा दलित महिला अधिकार' विषयक अन्तरसंवादमा बोल्ने वक्ताले राज्यको पुनर्संरचना दलित महिलाका पक्षमा हुनुपर्नेमा जोड दिए।

अन्तरसंवादमा संविधानसभाका उपाध्यक्ष पूर्णाकुमारी सुवेदीले अब बन्ने संविधानमा राज्यका हरेक संरचनामा पछाडि पारिएका दलित महिलाले आफ्नो हकअधिकार सुनिश्चित गर्न राज्यलाई दबाब दिन जरुरी रहेको बताइन्। सभासद् जयपुरी घर्ती मगरले जातीय, लैंगिक तथा वर्गीय उत्पीडनका कारण सामन्तवादी सोच र चिन्तन भएको बताउँदै राज्यसत्तामा दलित महिलाको समानुपातिक सहभागिता हुनुपर्नेमा जोड दिइन्। दलित महिला संघका अध्यक्ष दुर्गा सोब, राष्ट्रिय दलित आयोगका सदस्य ज्ञानु गैरे, राष्ट्रिय महिला आयोगका अध्यक्ष नैनकला थापालगायतले अब बन्ने संविधानमा महिलाविरुद्ध कुनै किसिमको लैंगिक भेदभाव नगर्ने ग्यारेन्टी हुनुपर्नेमा जोड दिए।

मोर्चाका संयोजक सन्तोषी विश्वकर्माले नयाँ संविधानमा दलित महिलाको अधिकार विषयक कार्यपत्र प्रस्तुत गर्दै दलित महिलाका उत्थानका लागि राज्यले विशेष नीति तथा कार्यक्रम ल्याउनुपर्ने सुझाव दिए। —रासस

### लैंगिक हिंसाविरुद्ध अनुशिक्षण

**काठमाडौं :** लैंगिक हिंसाविरुद्ध चेतना बढाउन सशस्त्र प्रहरीबल प्रधान कार्यालयले बुधबारदेखि अनुशिक्षण कार्यक्रम सुरु गरेको छ। सात दिनसम्म चल्ने अनुशिक्षण कार्यक्रमको उद्घाटन सशस्त्र प्रहरी महानिरीक्षक सनतकुमार बस्नेतले गरेका थिए।

उनले परम्परागत मानसिकता तथा बुझाइ र सोचाइमा परिवर्तन गर्नुपर्ने बताउँदै सशस्त्र प्रहरीबललाई लैंगिक हिंसामुक्तर विभेदरहित संगठनका रूपमा स्थापित गर्ने लक्ष्यका साथ अघि बढ्नुपर्ने बताए। बस्नेतले सशस्त्र प्रहरीबल राष्ट्रको जिम्मेवार सुरक्षा संगठन भएको बताउँदै सशस्त्र प्रहरीबलको सेवा जागिर नभई सेवा गर्ने अवसर भएको उल्लेख गरे।

साताव्यापी अनुशिक्षण कार्यक्रममा ५८ जना महिला तथा पुरुष प्रहरी कर्मचारी सहभागी छन्। कार्यक्रममा सशस्त्र प्रहरी अतिरिक्त महानिरीक्षक किशोरकुमार लामा, कृष्णबहादुर विष्ट, शैलेन्द्रकुमार श्रेष्ठ, कोषराज वन्त र ठाकुरमोहन श्रेष्ठलगायत एपिएफ अधिकृत तथा जवानहरूको समेत उपस्थिति रहेको थियो।

# जलवायु कार्यशाला सम्पन्न

**नगरकोट,** ६ साउन (अन्नपूर्ण) : जलवायु परिवर्तनका बारेमा नेपालले अन्तर्राष्ट्रिय समुदायमा प्रस्तुत गर्ने एजेन्डा, माग र कार्यक्रमका बारेमा छलफल र वार्ता (नेगोसिएसन) गर्न सिकाउने उद्देश्यले आयोजना गरिएको तीनदिने कार्यशाला बिहीबार सम्पन्न भएको छ। वातावरण मन्त्रालय, राष्ट्रिय अनुकूलन कार्यक्रम (नापा) को आयोजनामा भएको कार्यशालामा सरकारका सहसचिव तथा उपसचिव, गैरसरकारी संस्था र सञ्चारकर्मीको उपस्थिति थियो।

कार्यशालामा अन्तर्राष्ट्रिय रूपमा चर्चित वार्ताकारहरू बेर्नाडिटार्ज मुलर र डा. सलिम हकले अन्तर्राष्ट्रिय रूपमा वार्ता गर्दा अपनाउनुपर्ने तरिकाका विषयमा प्रशिक्षण दिएका थिए। कार्यक्रममा वातावरण मन्त्रालयका सहसचिवले नेपालले हालसम्म अपनाइरहेको तरिका, वार्ताका सफलता र विफलताका बारेमा आफ्नो अनुभव सुनाएका थिए। उनले नेपालले जलवायु परिवर्तनको मुद्दालाई अन्तर्राष्ट्रियकरण गरेको बताए।

जलवायु परिवर्तनसम्बन्धी अन्तर्राष्ट्रिय सम्मेलनमा नेपालको भूमिका प्रभावकारी हुँदै गएकोमा पनि उनको जोड थियो। मन्त्रालयको जलवायु परिवर्तन महाशाखाका प्रमुख बटु उप्रेती तथा नापाका प्राविधिक अधिकृत ज्ञानेन्द्र कार्कीले नेपालमा जलवायु परिवर्तनको अवस्थाबारे जानकारी गराएका थिए। कार्यशालामा सहभागीले आगामी दिनमा नेपालले अन्तर्राष्ट्रिय क्षेत्रमा गर्ने वार्ता र छलफल थप प्रभावकारी बनाउन मद्दत पुगेको बताएका थिए।

# पुष्पलालका विचार अहिले पनि सान्दर्भिक : झलनाथ

**काठमाडौं,** ६ साउन : एमाले अध्यक्ष झलनाथ खनालले नेपालको वर्तमान सन्दर्भमा शान्ति र नयाँ संविधान निर्माणका लागि र राष्ट्रिय सहमतिका साथ अघि बढ्न पुष्पलाल श्रेष्ठका विचार अहिले पनि उत्तिकै सान्दर्भिक र महत्त्वपूर्ण रहेको बताएका छन्।

नेपाल कम्युनिस्ट पार्टीका संस्थापक महासचिव पुष्पलालको बत्तीसौं स्मृतिदिवसका अवसरमा सन्देश दिँदै खनालले श्रमप्रतिको विश्वास र भरोसा, विनम्रता, सहजता, रोचक शैलीमा कार्यकर्तालाई प्रशिक्षित गर्नसक्ने क्षमता, अध्ययनशीलता, न्यून आवेग, नम्र र विवेकपूर्ण व्यवहार पुष्पलालका जीवनबाट सबैले सिक्नुपर्ने गुण भएको बताए।



झलनाथ खनाल

अध्यक्ष खनालले कम्युनिस्ट पार्टी नेता प्रधान होइन, नीति प्रधान हो भन्ने उनको मान्यताको सबैले अनुसरण गर्नु आवश्यक रहेको विषयमा जोड दिए। पुष्पलालका विचारलाई आत्मसात् गर्दै उनले देखाएको बाटोमा अविचलित भई अगाडि बढ्नु नै उनीप्रति सच्चा श्रद्धाञ्जलि हुने बताए। अध्यक्ष खनालले यस अवसरमा कम्युनिस्ट आन्दोलनका प्रिय नेता पुष्पलालप्रति भावपूर्ण श्रद्धाञ्जलिका साथ उनको प्रेरणादायी काम र व्यवहारबाट सिक्दै देश, जनता र पार्टीको हित एवं अग्रगतिक निम्ति निरन्तर क्रियाशील रहन सबैलाई आह्वान गरेका छन्।

यसैगरी नेकपा (संयुक्त मार्क्सवादी) का महासचिव लोकनारायण सुवेदीले संविधान बनाउने, शान्तिप्रक्रियालाई टुंगोमा पुऱ्याउन सहज वातावरण बनाउन आवश्यक सहयोग पुऱ्याउने र संविधान निर्माण भएपछिको निर्वाचन गराउने म्यान्डेट दिएर समस्या समाधान गर्न र सरकार गिराउने र टिकाउने फोहोरी खेलको चंगुलबाट संविधानसभालाई सदाका लागि मुक्त गर्नुपर्ने बताए। —रासस

# सर्वोच्चको अन्तरिम आदेश

**काठमाडौं,** ६ साउन : साना जलविद्युत् तथा ग्रामीण विकास विभागले बोलपत्र आह्वान गर्दा अनियमितता गरेको ठहरिएकाले मुद्दाको अन्तिम टुंगो नलागेसम्म विभागलाई काम कारबाही नगर्न सर्वोच्च अदालतले अन्तरिम आदेश दिएको छ।

नेपाल विद्युत् प्राधिकरणलाई विपक्षी बनाई जनबुद्ध निर्माण सेवाका प्रोपाइटर जितबहादुर पुनले सर्वोच्च अदालतमा दायर गरेको रिटमा न्यायाधीश प्रेम शर्मा र सुशीला कार्कीको संयुक्त इजलासले प्राधिकरणको नाममा बिहीबार यस्तो आदेश जारी गरेको हो।

बोलपत्र आह्वान गर्दा नियमको अक्षरस: पालना नगरिएको र पुन: बोलपत्र आह्वान गर्दा निवेदकको बोलपत्र रद्द नगरी अर्को बोलपत्र आह्वान गरिएको र सो कार्य गैरकानुनी भएको उल्लेख गरिएको छ। —रासस

**कर्मचारी प्रशिक्षण प्रतिष्ठान**

जावलाखेल, ललीतपुर

सूचना नं. १/०६७/६८

**सूची दर्ता गराउने बारेको सूचना**

(प्रथम पटक प्रकाशित मिति: २०६७/०४/०७)

यस प्रतिष्ठानको लागि आ.व. ०६७/०६८ मा आवश्यक पर्ने तपसिल बमोजिमका कार्यहरु पटक पटक गर्नुपर्ने तथा अन्य सेवा लिनुपर्ने भएकोले आयकर र मूल्य अभिबृद्धिकरमा दर्ता भएका सम्बन्धित ईच्छुक फर्म, कम्पनी वा व्यक्तिले यो सूचना अन्नपूर्ण पोष्टमा प्रथम पटक प्रकाशित भएको मितिले १५ दिन भित्र संस्था दर्ता, नवीकरण स्थायी लेखा नम्बर र मू.अ.क. दर्ता प्रमाणको प्रतिलिपि तथा आ.व. ०६५/६६ सम्मको कर चुक्ताको प्रमाण-पत्रको प्रतिलिपि सहित कार्यालय समयभित्र एकभन्दा बढी कार्यको लागि निवेदन दिने भएमा छुट्टाछुट्टै खाममा विवरण उल्लेख गरी सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियमावली, २०६४ अनुसार छुट्टाछुट्टै सूची दर्ता गराउनु हुन यो सूचना प्रकाशित गरिएको छ।

१) स्टेशनरी सामानहरू (मसलन्द तथा विविध आपूर्ति)
२) छपाई सम्बन्धी
३) कम्प्यूटर, प्रिन्टर, फोटोकपि मेसिन, ए.सी. फ्याक्स मेसिन, यु.पि.एस. र अन्य इलेक्ट्रिक सामानको आपूर्ति तथा मर्मत र तिनका पार्टपूर्जाहरु सम्बन्धी
४) सवारी साधनहरु मोटरसाइकल तथा गाडीहरुको मर्मतका लागि वर्कसप तथा तिनका पार्टपूर्जा
५) भवन मर्मत संभार सम्बन्धि
६) परामर्श
७) खानेपानी आपूर्ति सम्बन्धी
८) पत्रपत्रिका सम्बन्धी
९) फर्निचर आपूर्ति तथा मर्मत

**परामर्श कार्य सम्बन्धी सिलबन्दी प्राविधिक तथा आर्थिक प्रस्ताव आह्वानको सूचना**

**प्रथम पटक प्रकाशित मिति २०६७/३/२५ गते**

परिषद्को तपसिल बमोजीमको कार्य परामर्शदाताबाट गराउनु पर्ने भएकोले उक्त कार्य गर्न परामर्शदाताहरुबाट रीतपूर्वकको छुट्टाछुट्टै सिलबन्दी प्राविधिक तथा आर्थिक प्रस्ताव पेश गर्नु हुन यो सूचना प्रकाशित गरिएको छ।

१. यो सूचना प्रकाशित भएको मितिले ३० (तीस) दिन भित्र रु. ३००।- (फिर्ता नहुने गरी) बुझाई अद्यावधिक नविकरण गरेको फर्म दर्ताको इजाजत पत्र, मु.अ. करमा दर्ता भएको प्रमाणपत्र, स्थायी लेखा नम्बरको प्रमाणपत्रको प्रमाणित कागजात पेश गरी यस परिषद्को दर्ता चलानी शाखाबाट प्रस्ताव आह्वान पत्र खरिद गर्न सकिन्छ।
२. खरिद गरिएका प्रस्ताव आह्वान पत्र प्रथम पटक प्रकाशित मितिले ३१ औं दिनको १२ बजेसम्म प्राविधिक तथा आर्थिक प्रस्तावपत्र बेग्लाबेग्लै सिलबन्दी खाममा राखी यस परिषद्को दर्ता चलानी शाखामा दर्ता गराउन सकिने छ। यसरी दर्ता हुन आएका प्राविधिक प्रस्तावहरु सोही दिनको १४:०० बजे प्रस्तावकको प्रतिनिधिहरु तथा परिषद्को प्रतिनिधिहरुको रोहवरमा खोलिने छ।
३. प्रस्ताव आह्वानपत्र बिक्री गरिने अन्तिम दिन र दर्ता गर्ने अन्तिम दिन बिदा पर्न गएमा त्यसको भोलिपल्ट मानिनेछ।
४. प्राप्त प्रस्तावहरुको मूल्याङ्कनको आधारमा छनौट भएको प्राविधिक प्रस्ताव पेश गर्ने परामर्शदाताहरुलाई छनौटको जानकारी गराइने छ।
५. प्राविधिक प्रस्तावहरुको मूल्याङ्कनको आधारमा छनौट भएका परामर्शदाताहरुको मात्र आर्थिक प्रस्तावहरु परामर्शदाता वा निजको प्रतिनिधि तथा परिषद्को प्रतिनिधिहरुको रोहवरमा खोलिने छ।
६. परामर्शदाता वा निजको प्रतिनिधि उपस्थित नभएतापनि प्रस्तावहरु खोल्न बाधा पर्ने छैन।
७. रित नपुगेको वा म्याद भित्र दर्ता नभएको तथा कुनै प्रकारको शर्त भएका प्रस्तावहरु उपर कुनै कारबाही गरिने छैन।
८. आर्थिक प्रस्तावहरुमा दररेट अंक र अक्षरमा स्पष्ट लेख्नु पर्ने छ। अंक र अक्षरमा फरक भएमा अक्षरमा लेखिएको दररेटलाई मान्यता दिइने छ।
९. यो सूचनामा उल्लेख नभएको कुराको हकमा आर्थिक प्रशासन नियमावली, २०५६ (दोश्रो संशोधन) र अन्य प्रचलित ऐन कानून अनुसार हुनेछ।
१०. प्राप्त प्रस्ताव स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस परिषद्मा निहित हुनेछ।
११. अन्य केही कुरा बुझ्न परेमा यस परिषद्को निर्माण शाखाबाट बुझ्न सकिने छ।
१२. परामर्श कार्य सम्बन्धी विस्तृत विवरण तपसिल बमोजिम रहेको छ।

| सि.नं. | कार्यको विवरण | स्थान | बोलपत्र फारम बिक्री र दालिखा गर्ने कार्यालय | ल.इ. रकम रु. (मू.अ.कर सहित) | जग्गाको क्षेत्रफल |
|---|---|---|---|---|---|
| १ | Job-4- Detail Design of National Standard Stadium | Tikauli, Chitwan | राष्ट्रिय खेलकुद परिषद्, त्रिपुरेश्वर | ९,९४,११७।५० | २४-१७-४.८ बिघा |

**राष्ट्रिय खेलकुद परिषद्**
त्रिपुरेश्वर, काठमाडौं।